सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री सुष्मालता माथेमा

आदेश

०७६-WH-०३७५

विषयः- बन्दीप्रत्यक्षीकरण।

विकाश चौधरीको हकमा अधिवक्ता दल बहादुर धामी ----------------------------१ निवेदक

विरुद्ध

उच्च अदालत दिपायल, राजपुर दिपायल डोटी ----------------------------------१ विपक्षी

बाल सुधार गृह, सिलगढी, डोटी---------------------------------------------------१

नेपालको संविधान, २०७२ को धारा ४६ र १३३(२) र (३) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत बन्दीप्रत्यक्षीकरण निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छः

१. **निवेदकको निवेदन व्यहोराः**

निवेदक विकाश चौधरी विरुद्ध अपहरण तथा करणी सम्बन्धी मुद्दा कैलाली जिल्ला अदालतमा दायर भई थुनछेकको आदेशले बाल सुधार गृह डोटीमा राख्ने आदेश भई आजका मितिसम्म सोही बालसुधार गृह डोटीमा नै रहेको अवस्थामा कैलाली जिल्ला अदालतले ७ बर्ष कैद सजाय ठहर फैसला गरी सोका विरुद्ध उच्च अदालत दिपायलमा पुनरावेदन दर्ता गरी अहिले विचाराधिन रहेको छ। विद्यमान संगिन अवस्थाको उपयुक्त संवेदनशिलतालाई मध्यनजर गरी विश्वभरी महामारीको रुपमा फैलिरहेको नोबेल कोरोना भाइरसको सम्बन्धमा

आवश्यक निर्णय लिन सर्वोच्च अदालतको मिति २०७६।१२।०७ गतेको पूर्ण बैठक निर्णय आईसकेपछि बालबालिकाको स्वास्थ्य जोखिमको आंकलन गरी बाल सुधार गृहमा रहेका बालबालिकाका अभिभावकले आफ्ना बालबालिकालाई अदालतले खोजेको बखत उपस्थित गराउने गरी हाललाई नाबालक विकाश चौधरीलाई मेरो जिम्मा लगाई पाउं भनि मिति २०७६।१२।१० गते उच्च अदालत दिपायलमा निवेदन पेश गरेको गरेको थियो।

उक्त निवेदनमा मिति २०७६।१२।११ गते छलफल हुंदा उच्च अदालत दिपायलबाट नाबालकको नाम परिवर्तित नाम कायम गरी सोही नामबाट प्रतिवादी कायम गराई मुद्दा उच्च अदालत दिपायलमा विचाराधिन रहेकोमा सोको कुनै ख्याल नगरी आदेशमा "निवेदकले निवेदन साथ पेश गरेको विकाश चौधरीको नागरिकताको छाँयाप्रतिबाट निजको जन्म मिति २०५८।८।२२ रहेकोले निज मिति २०७६।१२।११ गते निजको उमेर १८ वर्ष ३ महिना १९ दिन पुरा गरेको देखिंदा निजलाई १८ वर्ष मुनिको नाबालक मान्न मिल्ने अवस्था नदेखिंदा निवेदकको माग बमोजिम विकाश चौधरीलाई निवेदकको जिम्मा लगाउन मिल्ने देखिन आएन" भन्ने आदेश भएको थियो। वर्तमान विषम परिस्थितीको यथार्थ विश्लेषण समेत नगरी विद्यमान कानून, सम्मानित सर्वोच्च अदालतको मिति २०७६।१२।०७ को पुर्ण बैठकको निर्णय, नेपालको संविधानको धारा १६, ३९(९), बालबालिका सम्बन्धी ऐन २०७५ को दफा १६(१),(२) विपरीत नाबालकको हित समेतलाई नजर अन्दाज गरी हचुवाका भरमा नाबालकको हैसियतमा बाल सुधार गृहमा रहेको नाबालकलाई अहिले आएर १८ वर्ष नाघेको अर्थ लगाई उमेर पुगेको साबालक भएको आधारमा निवेदन माग वमोजिम नहुने भनि विपक्षी उच्च अदालत दिपायलबाट मिति २०७६।१२।११ मा भएको आदेश कानूनसम्मत, न्यायसम्मत एवं तर्कसम्मत नभएको हुँदा उक्त आदेश बदर गरी विकाश चौधरीको हकमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ साथै अदालतले चाहेका बखत अदालतमा उपस्थित गराउने गरी निजलाई अभिभावकको जिम्मा लगाई पाउँ भन्नेसमेत व्यहोराको यस अदालतमा दायर भएको निवेदनपत्र।

२. **यस अदालतको प्रारम्भिक आदेशः**

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए आधार र कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक ३(तीन) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत ईमेलबाट लिखित जवाफ

पेस गर्नु भनी विपक्षीहरूका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने समेत व्यहोराको यस अदालतको मिति २०७७।०२।२६ को आदेश।

३. **बाल सुधार गृह, डोटीको लिखित जवाफः**

परिवर्तित नाम ७१ धनगढी १५५ को संरक्षक बुवाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी विकाश चौधरी समेत भएको अपहरण र करणी-सम्वन्धी कसूर मुद्दामा श्री कैलाली जिल्ला अदालतको च.नं. १३३८५ मिति २०७६/०३/२८ गतेको पत्र बमोजिम उक्त अदालतमा मिति २०७६/०३/२८ गतेको आदेश अनुसार निवेदकलाई बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २४ को उपदफा २ बमोजिम मुद्दा पुर्पक्षको सिलसिलामा यस बाल सुधार गृहमा राखिएको अवस्था छ। सम्मानित अदालतको आदेशको पालना गर्न यस सुधार गृहको कर्तव्य हुँदा निवेदकले रिट निवेदनमा जिकिर लिएजस्तो निजको मौलिक हक हनन हुने गरी यस सुधार गृहबाट कुनै निर्णय गरेको भन्ने कुनै आधार तथा प्रमाणहरुबाट नदेखिएको हुँदा उक्त कपोकल्पित र भ्रमपूर्ण व्यहोराको रिट निवेदन औचित्यहिन भएकोले निवेदकको उक्त रिट खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको बाल सुधार गृह, डोटीको लिखित जवाफ।

४. **उच्च अदालत दिपायल, डोटीको लिखित जवाफः**

परिवर्तित नाम ७१ धनगढी १५५ को संरक्षक बुवा समेतको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी विकाश चौधरी समेत जना-४ भएको अपहरण र करणी सम्वन्धी कसुर मुद्दामा यी निवेदक विकाश चौधरी समेतले मुलुकी फौजदारी संहिता २०७४, को दफा २१९(३)(घ) बमोजिमको कसूर गरेको ठहरी निजलाई १०-१२ बर्ष सम्म कैद सजाय हुनेमा निज १८ बर्ष भन्दा कम उमेरको देखिंदा बालबालिका ऐन, २०७५ को दफा ३४(४) बमोजिम ७ वर्ष कैद हुने ठहरी शुरु कैलाली जिल्ला अदालतबाट मिति २०७६/०६/०९ मा कसूर ठहर भई मिति २०७६/०७/०६ मा सजाय निर्धारण भएको र हाल बालसुधार गृह डोटीमा रहेका यी निवेदक प्रतिवादी विकाश चौधरीको यस अदालत दिपायलमा सो फैसला उपर पुनरावेदन परेको देखिन्छ। यस अदालतमा उक्त मुद्दा विचाराधिन रहेको अवस्थामा संरक्षकको जिम्मा लगाई पाँउ भनी, निजका बाबु खुशीराम चौधरीले मिति

२०७६/१२/१० मा निवेदन दिएका र उक्त निवेदन इजलास समक्ष पेश हुँदा निवेदकले निवेदन साथ पेश गरेको विकाश चौधरीको नागरिकताको छाँयाप्रतिबाट निजको जन्म मिति २०५८/०८/२२ रहेकोले आज मिति २०७६/१२/११ गते निजको उमेर १८ बर्ष ३ महिना १९ दिन पुरा गरेको देखिँदा निजलाई १८ बर्ष मुनिको नाबालक मान्न मिल्ने अवस्था नदेखिँदा निवेदकको माग बमोजिम विकाश चौधरीलाई निवेदकको जिम्मा लगाउन मिल्ने देखिन आएन कानून वमोजिम गर्नु भनी यस अदालतबाट मिति २०७६/१२/११ मा आदेश भएको हुँदा यस अदालतबाट निवेदकको जिम्मा लगाउन मिल्ने देखिन आएन भनी भएको आदेश कानून बमोजिम नै भएको हुँदा यस अदालतलाई विपक्षी बनाई दायर भएको बन्दीप्रत्यक्षीकरणको रीट निवेदन औचित्यहिन हुँदा खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको उच्च अदालत दिपायल, डोटीको लिखित जवाफ।

५. **यस अदालतको अन्तिम आदेश:**

उपरोक्तानुसार तथ्य भएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता एवम् निवेदक स्वयम् दल बहादुर धामीले विश्वभरी महामारीको रुपमा फैलिरहेको नोबेल कोरोना भाइरसको सम्बन्धमा आवश्यक निर्णय लिन सर्वोच्च अदालतको मिति २०७६।१२।०७ गतेको पूर्ण बैठकले निर्णय गरेको साथै बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(५) का अनुसार अभिभावक जिम्मा लगाउन सक्ने कानूनी व्यवस्था रहेको छ। विकाश चौधरीको नागरिकतामा निजको जन्म मिति २०५८।८।२२ रहेकोमा वारदात घटेको मिति २०७६।२।३१ मा निज १८ वर्ष मुनि रहेको पुष्टि भईरहेको अवस्था हुँदा बाल सुधार गृहमा रहेको नाबालक विकाश चौधरीलाई अहिले आएर साबालकको अर्थ लगाई अभिभावकको जिम्मा लगाउन नमिल्ने गरी उच्च अदालत दिपायलबाट भएको मिति २०७६।१२।११ को आदेश कानून सम्मत नभएको र यसले बाल न्याय अनुकुलको हक लगायतका अन्य हकमा समेत आघात पुऱ्याएको हुँदा निज विकाश चौधरीलाई खोजेको बखत उपस्थित गराउने गरी तत्काल निजको अभिभावकको जिम्मामा छोड्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

विपक्षी नेपाल सरकारबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता टेक राज भुषालले निज विकाश चौधरीविरुद्ध दायर भएको अपहरण तथा जबरजस्ती करणी कसूरको अभियोग गम्भीर प्रकृतिको कसूर हो। सो कसूरमा निज विकाश चौधरीलाई १०-१२ बर्ष सम्म कैद सजाय

हुनेमा वारदात घटेको मितिमा निज १८ वर्ष भन्दा कम उमेरको देखिएको आधारमा ७ वर्ष कैद हुने ठहरी शुरु कैलाली जिल्ला अदालतबाट फैसला भएको र सोही फैसलाबमोजिम कैद भुक्तानको लागि निज बाल सुधार गृहमा रहेको हुंदा निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको रिट जारी हुनुपर्ने होईन भनी बहस प्रस्तुत गर्नुभयो।

विद्वान अधिवक्ता तथा उपन्यायाधिवक्ताले गर्नु भएको उल्लेखित बहससमेत सुनी निवेदन व्यहोरा सहितको मिसिलसमेत अध्ययन गरी हेर्दा निवेदन माग बमोजिम रिट जारी हुनुपर्ने हो, होइन सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

निर्णयतर्फ विचार गर्दा, निवेदक विकाश चौधरी विरुद्ध अपहरण र करणी सम्वन्धी कसुरमा अभियोगपत्र दायर भएकोमा शुरु कैलाली जिल्ला अदालतले अपहरणमा सफाई दिई करणी सम्बन्धी कसूर ठहऱ्याएको देखिन्छ। सो कसूरमा निजलाई १०-१२ बर्ष सम्म कैद सजाय हुनेमा वारदात मितिमा निज १८ बर्ष भन्दा कम उमेरको देखिंदा बालबालिका ऐन, २०७५ को दफा ३४(४) बमोजिम ७ वर्ष कैद हुने ठहरी बाल सुधार गृह डोटीमा रहेको देखिन्छ। नोबेल कोरोना भाइरसको महामारीबाट बच्न बचाउन तथा सर्वोच्च अदालतको मिति २०७६।१२।०७ गतेको पूर्ण बैठक निर्णयको अधीनमा रही अदालतले खोजेको बखत उपस्थित गराउने गरी हाललाई नाबालक विकाश चौधरीलाई अभिभावकको जिम्मा लगाई पाउं भनि उच्च अदालत दिपायलमा निजका बाबु खुशीराम चौधरीले निवेदन पेश गरेकोमा निजको उमेर १८ वर्ष माथि भएको भनी निजलाई नाबालक मान्न नमिल्ने र अभिभावकको जिम्मा लगाउन नमिल्ने भनी आदेश भएको देखिन्छ। नाबालकको हैसियतमा बाल सुधार गृहमा रहेका नाबालकलाई अहिले साबालकको अर्थ लगाई गरिएको उक्त आदेश तर्कसम्मत र न्यायसम्मत नभएको साथै हाल कोभिड-१९को महामारीको अवस्थामा सोही आदेशको आधारमा थुनामा रहंदा संविधानले प्रदान गरेको बाल न्याय अनुकुलको हक लगायतका अन्य हकमा समेत आघात पुग्न गएको हुँदा निज विकाश चौधरीलाई खोजेको बखत उपस्थित गराउने गरी तत्काल निजको अभिभावकको जिम्मामा छोड्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ भनी रिट निवेदन दायर भएको देखिन्छ।

रिट निवेदकलाई अपहरण र करणी सम्बन्धी कसूरको अभियोग दायर भएकोमा करणी सम्बन्धी कसूरमा ७ वर्ष कैद हुने ठहरी शुरु कैलाली जिल्ला अदालतबाट फैसला भएको हो। सो फैसला उपर उच्च अदालत दिपायलमा पुनरावेदन परी मुद्दा विचाराधीन रहेको

अवस्थामा निजलाई अभिभावकको जिम्मा लगाई पाउँ भनी निवेदन दायर भएकोमा निजलाई १८ वर्ष मुनिको नाबालक मान्न मिल्ने नदेखिंदा अभिभावकको जिम्मा लगाउन नमिल्ने भनी कानून बमोजिम नै आदेश भईसकेको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी हुनु पर्ने होईन, रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको विपक्षीहरुको तर्फबाट लिखित जवाफ रहेको पाईन्छ।

सर्वप्रथम, निवेदकको हकमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(५) मा उल्लिखित सुविधा प्रयोग हुने वा नहुने सम्बन्धमा विचार गर्दा, उपरोक्त कानूनी व्यवस्थालाई उल्लेख गर्नु सान्दर्भिक देखिन्छ। सो दफा अनुसार "*बाल अदालतले उपदफा (२), (३) वा (४) बमोजिम सजाय हुने ठहर भएको बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसूरजन्य कार्यको प्रकृति र त्यस्तो कार्य गर्दाको परिस्थिति समेतलाई विचार गरी शर्त तोकी वा नतोकी निजलाई भएको सजाय स्थगन गर्न वा सजाय स्वरूप देहायका कुनै उपयुक्त निर्णय गर्नेछन्* भनी ऐ. को खण्डहरु *(क) मा परिवारका कुनै सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा बालबालिकालाई सम्झाउन तथा बुझाउन लगाउने,*

*(ख) सेवा प्रदान गर्ने संस्था वा व्यक्तिबाट बालबालिकालाई अभिमुखीकरण गराउन लगाउने,*

*(ग) एकल, सामूहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने,*

*(घ) परिवारका कुनै सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको निगरानीमा निर्धारित शर्तहरू पालन गर्ने गरी निश्चित अवधिका लागि उनीहरूसँगै राख्न लगाउने,*

*(ङ)सेवाको प्रकृति र अवधि तोकी बालबालिकाको उमेर सुहाउँदो सामुदायिक सेवामा पठाउने,*

*(च)निजलाई भएको सजायभन्दा बढी अवधी नहुने गरी बाल सुधार गृहमा बस्न लगाउने*" भन्ने उल्लेख भएको पाइन्छ।

**यसरी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६ (१)(२)(३)(४) को सजाय सम्बन्धी व्यवस्था (Date of Commission) कसूर गर्दाको उमेर अनुसार निर्धारण गरिने र सो बमोजिमको सजाय छूटको सुविधा पाउने व्यवस्था भएतापनि बालबालिका सम्बन्धी ऐन,**

२०७५ को दफा ३६(५) को कानूनी व्यवस्थालाई हेर्दा, सजाय स्थगनको सुविधाको निर्णय गर्दा कसूरको प्रकृति, कसूर गर्दाको परिस्थिति, परिपक्वता र लिङ्ग मात्र नभई सजाय ठहर भएको बालबालिकाको उमेर पनि हेर्नुपर्दछ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २(ञ) मा "*बालबालिका भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्दछ*" भनी उल्लेख गरिएको छ। प्रस्तुत रिट निवेदनमा निवेदक विकाश चौधरीको जन्म मिति २०५८।८।२२ रहेकोबाट निजको उमेर हाल १८ वर्ष भन्दा माथिको रहेको देखिन्छ। निवेदकलाई अदालतले सजाय स्थगन गरी अभिभावकको जिम्मा लगाउने वा नलगाउने अदालतको स्वविवेकीय अधिकार (Discretionary power) हो। १८ वर्ष भन्दा माथिको उमेरको व्यक्तिलाई कानूनले वयस्क मानेको छ र एक वयस्क व्यक्तिलाई सामान्यतया अभिभावकको जिम्मा लगाउनु पर्ने भन्ने हुँदैन। तसर्थ बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(५) मा उल्लिखित सजाय स्थगनको सुविधाको प्रयोग हाल साबालक विकाश चौधरीले गर्न पाउँछ भन्न मिल्ने अवस्था देखिएन।

साथै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को सुविधा मागको सम्बन्धमा विचार गर्दा, "*कुनै कसूरमा पहिलो पटक कसूरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय भएको मुद्दामा कसूरदारको उमेर, कसूरको गम्भीरता, कसूर गरेको तरिका, आचरण समेतलाई विचार गर्दा कारागारमा राख्नु उपयुक्त नदेखिएमा कैदवापत रकम तिरी कैद बस्नु नपर्ने आदेश गर्न सक्छ*" भनी व्यवस्था भएकोमा प्रस्तुत मुद्दा यस कानूनी व्यवस्थाको दायरा भित्र परेको समेत देखिएन।

अब, निवेदकको माग बमोजिम बन्दीप्रत्यक्षीकरणको रिट जारी हुने वा नहुने सम्बन्धमा विचार गर्दा, निवेदक विकाश चौधरी विरुद्ध अपहरण तथा जबरजस्ती करणी कसूरको अभियोग दायर भई शुरु कैलाली जिल्ला अदालतले अपहरणमा सफाई दिई करणी सम्बन्धी कसूर ठहऱ्याएको देखिन्छ। सो कसूरमा निजलाई १०-१२ बर्ष सम्म कैद सजाय हुनेमा निज १८ बर्ष भन्दा कम उमेरको देखिंदा बालबालिका ऐन, २०७५ को दफा ३४(४) बमोजिम ७ वर्ष कैद हुने ठहरी बाल सुधार गृह डोटीमा रहेको देखिन्छ। उक्त फैसला उपर उच्च अदालत दिपायलमा पुनरावेदन परी उक्त मुद्दा विचाराधीन अवस्थामा रहेको देखिन्छ। यसरी कानूनले तोकेको विधि र प्रक्रिया पूरा गरी प्रमाणको आधार र कारणबाट कानून

बमोजिम कसुर ठहर भई फैसला बमोजिम कैद भुक्तानको लागि सुधार गृहमा रहेको हुंदा निज निवेदक विकाश चौधरी गैरकानूनी थुनामा रहेको अवस्था देखिएन।

हाल कोभिड-१९ को महामारीको अवस्थामा अत्यन्त भिडभाड रहेको सुधार गृहमा कानूनसंग विवादमा रहेका बालबालिकाको सजाय स्थगनको अर्थ शारीरिक सामाजिक दुरी कायम गर्नु हो। शारीरिक दुरीको अर्थ सुधारगृहमा रहेको सबैको सजाय स्थगन गरी सुधार गृह खाली गर्ने नभई सुधारगृहको क्षमता अनुसार शारीरिक दुरी कायम गरी बालबालिका स्वस्थ्य र सुरक्षित भई रहने वातावरणको सिर्जना गर्नु हो।

त्यसैगरी निवेदकले घटाएको वारदातको प्रकृति समेतलाई हेर्दा, अपहरण तथा जबरजस्ती करणी जस्तो गम्भीर प्रकृतिका मुद्दामा निवेदकको सजाय स्थगन गर्न उचित देखिँदैन। कानूनसंग विवादमा रहेका बालकलाई अभिभावकको जिम्मा लगाउँदा संगै समाजमा रहेका पीडितलाई त्रासको स्थितिमा बाच्नुपर्ने स्थिति आउँदछ। पीडितलाई भयबाट संरक्षण गर्नु पनि राज्यको दायित्व रहन्छ। सजाय स्थगन गरी अभिभावकसंग निवेदकलाई पठाउँदा समाजमा भयको स्थिति नआओस् भन्ने कुराको सुनिश्चितता गर्नु पर्दछ। साथै विवादमा रहेका बालकले उन्मुक्ति र स्वच्छताको अनूभुति नहोस् भन्ने सुनिश्चितता पनि गर्नु पर्दछ। रिट निवेदकको संविधानद्वारा प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक सम्बन्धमा विचार गरिरहंदा वारदातबाट पीडित बालिकाको सम्मानपूर्वक बिना डर बाँच्न पाउने हकको समेत खयाल गर्नु पर्ने हुन्छ। यसै सम्बन्धमा "क" कुमारको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी पवनकुमार यादवसमेत भएको जबरजस्ती करणीसम्बन्धी मुद्दा (ने.का.प.२०६७, नि.न. ८४९४, पृष्ठ १८०२पूर्ण इजलास) मा "बालबालिकासम्बन्धी ऐनको परिभाषाभित्र पर्ने दुवै पक्ष बालक भएको अवस्थामा घटित जबरजस्ती करणीको अपराधमा विज्याई गर्ने बालकको अधिकार मात्र हेर्ने हो भने पीडित बालिकाको हकको संरक्षण हुन सक्ने अवस्था नदेखिंदा यस प्रकारको अपराधमा पीडितका विरूद्ध तर्क गर्दै जाने हो भने बालकहरूका हकमा जबरजस्ती करणीको अपराधले समाजमा विकृति र विसङ्गति ल्याउन सक्ने" भनी सिद्धान्त प्रतिपादन भएको अवस्था छ। यसर्थ समाजमा विकृति र विसङ्गति फैलन नदिन दुवै पक्ष बालक भएको जबरजस्ती करणी कसूरमा कानूनसंग विवादमा रहेका बालकको मात्र नभई वारदातबाट पीडित बालिकाको हकको समेत संरक्षण गर्नुपर्ने देखिन्छ। न्यायिक सन्तुलनबाट अदालत विचलित हुन सक्दैन।

निवेदक विकाश चौधरी विरुद्ध अपहरण तथा जबरजस्ती करणी जस्तो गम्भीर प्रकृतिको कसुरमा सुधार गृहमा रहेकोबालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(४) को सजाय छुटको सुविधा प्राप्त गरिसकेको तथा हाल सजाय स्थगनको निवेदनको अवस्थामा निजलाई १८ बर्ष मुनिको नाबालक मान्न मिल्ने अवस्था समेत नदेखिँदा उमेर पुगेको व्यक्ति रहेको र कसूरजन्य कार्यको प्रकृति समेतलाई हेर्दा निवेदकको सजाय स्थगनको माग बमोजिम अभिभावकको जिम्मा लगाउन नमिल्ने गरी भएको मिति २०७६।१२।११ को उच्च अदालत दिपायलको आधार र कारण सहितको आदेश मिलेकै देखियो। साँथै रिट निवेदक सजाय भुक्तानीको क्रममा कानूनी रूपमा थुनामा रहेको र उपयुक्त आदेश दिने अधिकारीको आदेशबाट नै थुनामा रहेको हुँदा सो कैद गैरकानूनी नभई कानूनबमोजिम नै भएको देखिन आयो।

अतः माथि उल्लिखित आधार, कारण तथा प्रमाणसमेतबाट रिट निवेदक विकाश चौधरी गैरकानूनी रूपमा थुनामा रहेको नदेखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन, रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू ।

न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः- मतिना शाक्य

कम्प्यूटर अपरेटरः- सरस्वती दाहाल

ईति सम्वत् २०७७ साल आषाढ ५ गते रोज ६ शुभम् ......................................